0

Penn Manor School District

# PENN MANOR SCHOOL DISTRICT

P.O. Box 1001 • Millersville, PA 17551-0301
Phone (717) 872-9500 • Fax (717) 872-9505
www.pennmanor.net
An Equal Opportunity Employer

*A Better Community…One Student at a Time*

**Michael G. Leichliter, Ed.D.**
**Superintendent**
**mike.leichliter@pennmanor.net**

मार्च २, २०२०

आदर्णीय आमाबुबा र अभिभावकहरु,

पेन म्यानर स्कूल जिल्ला हाम्रो विद्यार्थी र कर्मचारीको स्वास्थ र सुरक्षाको लागि प्रतिबन्धित छ। स्कूल जिल्लाले कोरोनाभाइरस COVID-19 सम्बन्धी स्वास्थको जानकारीको नजिकबाट अनुगमन गरिरहेको छ। हामी स्वास्थ सम्बन्धी सबै मुद्दाहरु जस्तै, हामी पेन्सलभेनिया स्वास्थ विभाग (DOH), रोग नियन्त्रण तथा रोगथाम केन्द्रहरु (CDC), र हाम्रो स्कूल जिल्लाको चिकित्सकसँग नजिकबाट काम गरिरहेका छौँ र थप निर्देशन प्राप्त गरिरहेका छौँ।

*कृपया नोट गर्नुहोस्: हाम्रो स्कूल जिल्लामा कोरोनाभाइरसको कुनै पनि केस रिपोर्ट भएको छैन।*

तपाई यस मुद्दाको बारेमा सचेत हुनुहोस् भनेर हामीले तपाईलाई यो जानकारी प्रदान गरेका हौं र विश्वस्त हुनुहोस् कि हाम्रो जिल्लाले हामीलाई प्रभाव पार्न सक्ने स्वास्थ र सुरक्षा सम्बन्धी निरिक्षण गर्न, तयारी गर्न र प्रतिक्रिया दिनको लागि योजना बनाएको छ। हामी तपाईलाई रोग नियन्त्रण केन्द्र (CDC) र पेन्सलभेनिया स्वास्थ विभाग (DOH) लाई स्वास्थ सम्बन्धी नियमित अपडेट र मार्गदर्शनका लागि विश्वनिय श्रोतहरुका रुपमा प्रयोग गर्न प्रोत्साहन गर्छौं।

यस क्षेत्रमा हुन सक्ने भाइरसको फैलावट रोक्न मद्दत गर्न सम्भव सबै कार्य गर्ने यो स्कूल जिल्लाको इच्छा हो, **र यसमा हामीलाई तपाईको सहयोग चाहिन्छ।**

पेन्सलभेनिया स्वास्थ विभागले स्वासन भाइरसको फैलावट रोक्न मद्दतका लागि निम्न सुझावहरु आफ्नो वेबसाइटमा साझा गरेको छन्, जस्तै COVID-19:

- जहिले खोक्दा वा हाच्छिउँ गर्दा टिश्युले **छोप्नुहोस्** र त्यसपछि टिश्युलाई फोहोरमा फ्याक्नुहोस्; यदि टिश्यु उपलब्ध नभए, खोकी वा हाच्छिउँ गर्दा कुहिनो भित्र गर्नुहोस्। हातको प्रयोग नगर्नुहोस्।
- कम्तिमा २० सेकेन्डको लागि साबुन पानीले **हात धुनुहोस्**। यदि साबुन पानी उपलब्ध छैन भने रक्सीमा आधारित हात स्यानिटाइजरको प्रयोग गर्नुहोस्।
- **सतहहरु** बारम्बार सफा गर्नुहोस् जस्तै काउन्टरटपहरु, प्रकाश स्वीचहरु, मोबाइल फोनहरु र अन्य प्राय: छोइएका क्षेत्रहरु।
- सम्भावित फौलावट **रोक** गर्नुहोस्। यदि तपाई बिरामी हुनुहुन्छ भने, जब सम्म तपाई राम्रो हुदैन घरमै बस्नुहोस्। पहिले नै बिरामी व्यक्तिहरुबाट टाढा बस्नुहोस्।

पेन म्यानर स्कूल जिल्लाले स्थितिको नजिकबाट अवलोकन गरिरहेको छ (केवल कोरोनाभाइरस मात्र होइन तर यस वर्षको फ्लूको तनाव पनि) र चलिरहेको कस्टोडियल सेवाहरुको अशंको रुपमा दैनिक सफा र कीटानुनाशक कुरा प्रयोग गर्दैछ।

**Jerry Egan, Ed.D.**
**Assistant Superintendent for Elementary Education**
**jerry.egan@pennmanor.net**

**Christopher L. Johnston**
**Business Manager**
**chris.johnston@pennmanor.net**

**Theresa Kreider, Ed.D.**
**Director of Student Support Services**
**theresa.kreider@pennmanor.net**

**Philip B. Gale, Ed.D.**
**Assistant Superintendent for Secondary Education**
**philip.gale@pennmanor.net**

यदि यस क्षेत्रमा COVID-19 पुष्टि भएको घटनाहरु छन् भने, स्कूल जिल्लाले स्वास्थ पेशावरहरुद्वारा आवश्यक थप कुनै पनि उपायहरुको बारेमा निर्देशन प्रदान गर्दछ।

यदि तपाईको बच्चा बिरामी हुन्छ भने, कृपया विद्यार्थी रोगहरुको बारेमा यी दिशानिर्देशनहरु पालना गर्नुहोस्:

1. स्कूलमा फर्कनु भन्दा पहिले तपाईको बच्चा २४ घण्टा सम्म औषधिविना जोरोबाट रहित हुनुपर्दछ।
2. बान्ता र पखला भएका बच्चाहरुलाई अन्तिम घटना पछि २४ घण्टा घरमा राख्नुपर्दछ।
3. शंकास्पद संक्रामक रोगहरु भएका बच्चाहरु (जस्तै गुलाबी आँखा र कुनै पनि अज्ञात च्यासहरु) तपाईको स्वास्थ सेवा पदायकबाट प्रमाणिकरण नभएसम्म घरमै राख्नुपर्दछ।
4. यदि तपाईको बच्चा बिरामी छ भने उसलाई घरमा राख्नुहोस्, क्षेत्र यात्रा, पार्टीहरु वा त्यस दिन स्कूलमा आयोजित हुनसक्ने अन्य विशेष कार्यक्रमहरुको पर्वाह नगरि।

हामीले के नियन्त्रण गर्न सक्दछौँ त्यसमा ध्यान केन्द्रित गरेर, हामी सबैजना मिलेर काम गर्न अहिले अत्यन्त महत्वपूर्ण छ। हामी सबै बिरामीहरुको स्थिति अनुगमन गर्न सतर्क रहनेछौँ जसले हाम्रो स्टाफ र विद्यार्थीहरुको लागि खतरा पेश गर्नसक्छ।

हाम्रो जिल्ला, हाम्रो कर्मचारी र हाम्रा विद्यार्थीहरुको समर्थनका लागि तपाईलाई धन्यवाद छ।

भवदीय,



माइकल जि. लेइकलिटर, Ed.D.
Michael G. Leichliter, Ed.D.
विद्यालयको अधीक्षक